राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ९ २०८२ साउन १० गते शनिवार (26 July 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## प्रधानमन्त्री ओलीद्वारा सुक्खाग्रस्त मधेशको अवलोकन, ५०० डिप बोरिङ जडानको घोषणा





दैनिक समाचारदाता
महोत्तरी, ९ साउन । प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार तराई(मधेशको सुक्खाग्रस्त क्षेत्रको हवाई अवलोकन गर्दै, तत्काल ५०० वटा डिप बोरिङ जडान गरिने घोषणा गरेका छन् ।नेपाल सरकारले साउन ७ गतेको मन्त्रिपरिषद् बैठकबाट मधेश प्रदेशलाई तीन महिनाका लागि 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरिसकेको छ। सो निर्णयपछि प्रधानमन्त्री ओलीले सम्बन्धित मन्त्री, प्रदेश सरकार तथा उच्च अधिकारीहरूसँग समाधानका उपायबारे समन्वयात्मक छलफल गर्दै आएका छन् ।

शुक्रबार महोत्तरी र बारा जिल्लाका विभिन्न कार्यक्रमहरूमा सहभागी हुन पुगेका प्रधानमन्त्रीले सोही अवसरमा हेलिकोप्टरमार्फत वर्षा अभावका कारण प्रभावित क्षेत्रहरूको निरीक्षण गरे ।

प्रधानमन्त्री ओलीले महोत्तरीको मटिहानी नगरपालिका(८ स्थित विग्ही नदीमाथिको पुल तथा वडा नं ६ मा निर्मित प्रसूति गृहको उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै भने, "मधेशमा सिँचाइ र खानेपानीको गम्भीर समस्या देखिएको छ, त्यसैले तत्कालै ५०० डिप बोरिङ जडान गरिनेछ ।"

उहाँले मधेशका आठवटै जिल्लामा सिँचाइ तथा खानेपानीको सुविधा पुऱ्याउने उद्देश्यले सरोकारवाला निकायसँग समन्वय गर्दै समस्या समाधानमा जुट्ने प्रतिबद्धता व्यक्त गरे। सप्तरी जिल्लाको कोशी नदीसँगको सम्बन्धका कारण तुलनात्मक रूपमा कम समस्या रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले बाँकी सात जिल्लामा भने विशेष ध्यान केन्द्रित गरिने बताए ।

प्रधानमन्त्रीले सुक्खाका कारण प्रभावित किसान र सर्वसाधारणका पक्षमा राहत तथा पुनःस्थापना कार्यक्रम ल्याइने आश्वासन पनि दिए ।

सम्बोधनका क्रममा उनले शिक्षा र चेतनाको सम्बन्ध जोड्दै भने, "जहाँ शिक्षा छ, त्यहाँ विकास छ; जहाँ शिक्षा छैन, त्यहाँ अभाव र गरिबी हुन्छ। त्यसैले छोराछोरीलाई भेदभाव नगरिकन विद्यालय पठाउन सबै अभिभावकलाई आग्रह गर्दछु ।"

प्रधानमन्त्री ओलीले शिक्षा नै परिवार, समाज र राष्ट्रको विकासको आधार भएको उल्लेख गर्दै शिक्षालाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए ।

## बागमती प्रदेशका चारमन्त्रीले दिए सामूहिक राजिनामा









दैनिक समाचारदाता
हेटौंडा, ९ साउन । बागमती प्रदेश सरकारमा राजनीतिक संकट गहिरिँदै गएको छ । प्रदेश सरकारका चार मन्त्रीहरूले बुधबार सामूहिक रूपमा पदबाट राजीनामा दिएका छन् ।

राजीनामा दिनेमा युवा तथा खेलकुदमन्त्री मिनकृष्ण महर्जन, आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछाने, संस्कृति तथा पर्यटनमन्त्री विमल ठकुरी र सहकारी तथा गरिबी निवारणमन्त्री मधुकुमार श्रेष्ठ रहेका छन् ।

चारै जना मन्त्री केही दिनअघि मात्र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग काठमाडौंमा भेट गरेका थिए । त्यसपछि उनीहरूको राजीनाले राजनीतिक तरंग ल्याएको हो ।

विश्वसनीय स्रोतका अनुसार मुख्यमन्त्री बहादुर सिंह लामाविरुद्ध नेपाली कांग्रेस संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गर्ने तयारी भइरहेको छ । उक्त प्रस्तावको प्रारम्भिक मस्यौदा तयार भइसकेको र चाँडै प्रदेशसभा सचिवालयमा दर्ता गरिने स्रोतले जानकारी दिएको छ ।यस घटनाले बागमती प्रदेशको राजनीतिक समीकरण फेरिने संकेत दिएको छ ।

## डेढ किलो चरेससहित चार जना पक्राउ

दैनिक समाचारदाता
धनगढी ९ असार । कैलालीबाट डेढ किलो लागुऔषध चरेससहित चार जनालाई पक्राउ गरिएको छ ।इलाका प्रहरी कार्यालय मालाखेतीका डीएसपी रणबहादुर चन्द नेतृत्वको टोलीले चरेससहित चार जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बैतडीको सुर्नया गाउँपालिका(३ घर भएका २८ वर्षीय चन्द्रसिंह ऐरी, २५ वर्षीय मोहन भट्ट, २५ वर्षीय महेश बिक र बझाङको छबिसपाथिभेरा गाउँपालिका(७ घर भएका ३९ वर्षीय गगन बोहरा रहेका छन् । उनीहरू मध्ये ऐरी, भट्ट र बिकलाई गोदावरी नगरपालिका(१ भरतपुरमा शंकास्पद रूपमा हिँडिरहेका अवस्थामा चेकजाँच गर्दा ४६९ ग्राम चरेससहित पक्राउ गरिएको हो । बोहरालाई भने गोदावरी नगरपालिका(२ मा रहेको विपिन होटलबाट पक्राउ गरिएको हो। उनीहरू चारै जनालाई नियन्त्रणमा राखेर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## भूमि सम्बन्धी विधेयकमा जसपा नेपालको १० बुँदे संशोधन प्रस्ताव

दैनिक समाचारदाता
काठमाडौं, ९ साउन । जनता समाजवादी पार्टी, नेपाल (जसपा नेपाल) ले सरकारद्वारा हालै दर्ता गरिएको "भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक" प्रति गम्भीर असहमति जनाउँदै प्रतिनिधि सभा र राष्ट्रिय सभामा संयुक्तरूपमा १० बुँदे संशोधन प्रस्ताव दर्ता गरेको छ।

जसपाका अनुसार विधेयक जस्ताको तस्तै पारित भएमा पर्यावरणीय सन्तुलनमा गम्भीर क्षति पुग्ने र तराई(मधेसमा सामाजिक र जातीय असन्तुलन बढ्ने खतरा रहन्छ । पार्टीले यो विधेयकले विशेष गरी मधेसका रैथाने मधेसी, आदिवासी, थारु, मुस्लिम समुदायलाई अल्पमतमा पार्ने, भूमिहीन सुकुम्बासीहरूलाई झनै कमजोर बनाउने, र भू(माफियालाई लाभ पुऱ्याउने दाबी गरेको छ।

विधेयक पारित भएमा वन फडानी, जैविक विविधता विनाश र मधेसमा जनसंख्या विस्फोट भई आन्तरिक द्वन्द्व उत्पन्न हुनसक्ने खतरा रहेको जसपाको भनाइ छ ।

यो विधेयक पारित भए सार्वजनिक सम्पत्तिको दुरुपयोग भई खोला(नदी किनार, राष्ट्रिय निकुञ्ज, गौचरजस्ता सार्वजनिक जग्गा अतिक्रमण गर्नेहरूलाई कानूनी संरक्षण मिल्ने, फौजदारी अपराध मानिने वन अतिक्रमणलाई कानुनी जामा ओढाइ अवैध कार्यलाई वैध बनाउने प्रयास गलत नजीर स्थापित गराउने , अवैध कार्यलाई नै वैधता दिनु हो भने वन कार्यालय र सम्बन्धित संरचनाको औचित्यमाथि प्रश्न उठ्ने , कानुन मानेर बस्ने भूमिहीनले बसोबासका लागि जग्गा पाउन नसक्ने स्थिति सिर्जना हुने र विधेयकबाट जग्गा दलाल, रियल स्टेट व्यवसायीहरू लाभान्वित हुने दावी गरिएको छ ।

त्यसै गरि भूमि व्यवस्थापन प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने हुँदा विधेयकले संविधानको अनुसूची ६ को उल्लंघन गर्ने , सरकार आफ्ना नजिकका समूहलाई लाभ दिन नक्कली सुकुम्बासीलाई जग्गा बाँड्ने र सरकारको अघिल्लो भूमि अध्यादेशको हुबहु प्रतिलिपि जस्तै विधेयक ल्याइएको भन्दै जसपा नेपालले विरोध जनाएको छ।

जसपा नेपालले भूमि ऐन २०२१ (आठौं संशोधन २०७६) मार्फत नै सुकुम्बासी समस्याको समाधान गर्न पर्याप्त रहेको दावी समेत गरेको छ।

जसपाले यो विधेयक खारेज गरी विस्तृत छलफलसहित फरक दृष्टिकोणबाट संशोधन गरिनुपर्ने माग गर्दै संसदमा आफ्नो असहमति दर्ता गराएको छ। पार्टीले सुकुम्बासी, दलित, थारु र अन्य वञ्चित वर्गको अधिकार सुनिश्चित गर्दै पर्यावरणीय संरक्षण र संघीय व्यवस्थाको सम्मान गर्न सरकारलाई आग्रह समेत गरेको छ ।

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं।

घरबाहिर हुँदा

- आकाशमा बिजुली चम्किदा।
- गड्याङगुडुङ्ग हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौं।
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुवै हातलाई
- टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा
- जोडी थुचुक्क बसौं,
- भूँइमा लम्पसार परेर नसुतौं।

घरभित्र हुँदा

- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने
- उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीचअफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भञ्ज्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नव जटजटिन

सिबरती, पबितरी, बेड़बामाइ आ ढिलही दंतखोंरी मिलिक' जटजटिन खेलाइछ--

- फुंहियो नै पड़ैछ, बरखो नै होइछै
  पाइन बिनु पड़लै अकाले हो राम!
- कलो नै चलैछै, बोरिङो बिसुकलै
  बिड़ार बिया जरलै, गबो नै लगलै
  गिरहतके दुनिञा अन्हारे हो राम
  मघेसिया सरकारे पापे पड़लै अकाले हो राम!
  दैया गै पाइन बिनु पड़लै अकाले हो राम!

- दैया गै निकम्मा सरकार, भ्रष्टाचारी तन्त्र छै गे ना
  दैया गै बजेट हिनामिना, मन्त्री भ्रष्टाचारी छै गे ना
  दैया गै विकास अलोपित, जनता लिलोह छै गे ना
  पनिञा देशमे नहैर-बान्ह बिनु रौदी काल छै गे ना
  मधेसिया सरकारे पापे बरखा बुनि नै पड़ै छै गे ना
  पाइन बिनु पड़लै अकाले हो राम !


-परमेश्वर कापडी

## मन मानै हय ?

एक सुन्दर सन गाम मे
एक पुरुख अपन घरबालि आ
भरखर के बेटी संगे रहैत रहै।
बेटी के उमेर लगभग १६/१७ बर्स के रहै।
घरमे एक चउकि अटै बला जगह रहै ।
दोसर कोनो अपन जगह जमिन नई रहै।
जेना तेना गुजर गुजरात करैत रहै ।
कुछ दिन के वाद घरबालि मैर गेल ।
आब त बिपैत स घेरागेल काम कृया
बितलाके वाद बरा सोच मे पैर गेल ।
घरबालि छल त बेटी संग संगे निरवाह केली ।
घरबालि गुजरला के बाद बेटी बाप
संगे केना क बितैत ओइ दुख मे डुवल रहै।
सोचे बला वात इ हय कि घरबालि विना
बेटी संगे समै गुजार के हय।
बेटी बाप मिल क बिताबे के हय ।
आब सोचे के हय मन मान के।
समस्या के साथ मन मानै हय ।
बाप बेटी संगे रह के बिताब के ।
तहि स कहै हय मन मानै हय ।
मन मानलक, विना घरबालियो के
बेटी साथ मन माइर क बितउलक।
मन मानै हय।मन मानै हय।मन मानै हय ।
एक मान्सा हारि अपन मन मनाबे त
मान्स नहियो खेला स मन मानै हय ।
मन पर काबु रखला स मन मानै हय ।
बेटी त अपन श्रष्टि हय ,घर बालि त
जीवन संगनी , भाव बदलैत मन के
मनउलक , मन मानै हय , मन मानै हय ।

*- उपेन्द्र दास*

# विश्वचर्चित मोनालिसाबारे १० रोचक तथ्य



लियोनार्दो दा भिन्चीको 'मोनालिसा' संसारकै सबैभन्दा चर्चित र बहुमूल्य कलाकृति मध्येमा पर्छ। यो एउटा मधुर मुस्कान दिने महिलाको चित्र हो। १६औँ शताब्दीको सुरुवातमा बनेको यो कलाकृतिले संसारभरका कलाप्रेमीहरूलाई वर्षौंदेखि मोहित बनाइरहेको छ।

मोनालिसाको वास्तविक चित्र फ्रान्सको लुभ्र संग्रहालयमा रहेको छ। जहाँ हरेक वर्ष ६० लाखभन्दा बढी दर्शक यही चित्र हेर्न आइपुग्छन्।

विशेषतः यो चित्रको विषय, रचना प्रक्रिया र सम्बन्धित विवादहरूले गर्दा मोनालिसालाई थप चर्चामा ल्याएको छ।

*मोनालिसाको बारेमा १० रुतथ्य*

**१. मोनालिसा होइन, लिसा गेरार्डिनी**

धेरैले चित्रमा देखिएकी महिला 'मोनालिसा' भनेर सोच्ने गर्छन्। तर उनको वास्तविक नाम लिसा गेरार्डिनी जोकोन्डो हो। मोना भनेको इटालियन भाषामा 'मेरो श्रीमती' भन्ने अर्थ दिन्छ। त्यसैले 'मोनालिसा' भनेको 'माई लेडी लिसा' हो। उनका श्रीमान् फ्रान्चेस्को डेल जोकोन्डोले आफ्नो दोस्रो छोराको जन्म र नयाँ घरको खुसियालीमा यो चित्र बनाएका थिए।

*२. ग्राहकसम्म कहिल्यै नपुगेको चित्र*

दा भिन्चीले अर्डर आएपछि मोनालिसा बनाउन थालेका थिए। तर उनले यो चित्र ग्राहकलाई कहिल्यै पनि दिएनन्। कतिपय अनुमानअनुसार उनले यो चित्र पूरा नै गरेका होइनन्। तर ऐतिहासिक प्रमाणहरूका आधारमा उनले यो चित्रको मूल अंश सन् १५०६ मै पूरा गरिसकेका थिए।

बाँकी रहेका स-साना कामहरू भने सन् १५१९ मा मृत्यु हुँदासम्म उनले गरिरहे। त्यसबेलासम्म चित्रमा केही भागहरू बाँकी रहेको थियो। जसलाई उनका सहायक सालाई (जियान ज्याकमो क्याप्रोटी) ले पूरा गरेका थिए।

*३. नेपोलियनको मोनालिसा प्रेम*

दा भिन्चीको मृत्युपछि फ्रान्सेली राजा फ्रान्सिस प्रथमसामु मोनालिसाको चित्र पुग्यो। त्यहाँ यो चित्रलाई सधैं महलभित्र सुरक्षित राखिन्थ्यो। जहाँ केवल उच्चपदस्थ व्यक्तिहरूले मात्र हेर्न पाउँथे। त्यसै सिलसिलामा फ्रान्सेली सम्राट नेपोलियन बोनापार्टले यो चित्र देखे। उनी यस चित्रप्रति यति मोहित भए कि, उनले आफ्नै शयनकक्षमा चार वर्षसम्म चित्रलाई राखे। चित्रप्रतिको प्रेमकै कारण उनले लिसा गेरार्डिनीका वंशज टेरेसा ग्वाडाग्नीलाई समेत मन पराएका थिए।

*४. हराएका आँखीभौँ*

मोनालिसाको अनुहारमा आँखीभौँ छैन। पहिले अधुरो चित्र भएकाले आँखीभौँ बनाउन छुटेको भन्ने विश्वास गरिन्थ्यो। तर २००७ मा गरिएको डिजिटल स्क्यानअनुसार सुरुमा आँखीभौँ थिए। तर कालान्तरमा मेटिँदै गए। अत्यधिक रेस्टोरेसन वा रङ उडेर आँखीभौँ हराएका हुन्।

*५. चित्रको मोडिएको फ्रेम*

मोनालिसा अहिलेको जस्तो आधुनिक क्यानभासमा बनाइएको थिएन। काठमा बनाइएको थियो। प्रायः मौसमले काठलाई चाँडै असर गर्ने गर्छ। यहीँ कारण चित्रको माथिल्लो भाग मोडिएको छ। तर आजभोलि भने विशेष तरिकामार्फत तापक्रम व्यवस्थापन गरेर मोनालिसालाई राखिएको छ।

*६. चोरी र शोक*

राखिएको लुभ्र म्युजियमबाट सन् १९११ मा मोनालिसा चोरी भयो। त्यसपछि म्युजियममा मान्छेहरू खाली पर्खाल मात्र भए पनि हेर्न आएका थिए। श्रद्धाञ्जली स्वरूप फूलहरू समेत छाडेका थिए। यो कुराले प्रख्यात अमूर्त चित्रकार पाब्लो पिकासो समेत दुःखी भएका थिए। भलै चोरीपछि चित्रको प्रसिद्धि झनै बढेको थियो। तर पछि इटालियन युवक भिन्चेन्जो परुज्जियाले चित्र चोरेको थाहा लाग्यो। दा भिन्ची इटालीमा जन्मेकाले आफ्नो देशमा चित्र लान उनले चित्र चोरेको बताएका थिए।

*७. मोनालिसाका लागि विशेष पत्र मन्जुषा*

लुभ्र संग्रहालयमा मोनालिसाका लागि भनेर छुट्टै पत्र मन्जुषा राखिएको छ। त्यहाँ मान्छेहरूले मोनालिसालाई सम्झेर कविता, फूल र उपहारहरू सहितका चिठी पात्र खसाल्ने गर्छन्। जसलाई म्युजियमले विशेष अभिलेखमा सुरक्षित राख्ने गरेको छ।

*८. आक्रमण*

मोनालिसा सुन्दरताका कारण मात्र होइन, आक्रमणका कारण पनि चर्चित छ। किनकि विभिन्न समयमा मान्छेहरूले यो चित्रमाथि आक्रमण पनि गरेका छन्। त्यस्तै मध्येको एक सन् १९५० मा भयो। त्यसबेला म्युजियममा आएका एक जनाले एसिड प्रहार गरेका थिए। जसले गर्दा चित्रको बाँया कुहिनोमा क्षति पनि पुगेको थियो। यस्ता थुप्रै आक्रमण छन्। यसैले आजकल बुलेटप्रूफ ग्लासभित्र यो चित्रलाई राखिएको छ। जुन जापानले उपहार स्वरूप दिएको थियो।

*९. खरिद/विक्री गर्न प्रतिबन्ध*

मोनालिसा किन्न र बेच्न पूर्णप्रतिबन्ध लगाइएको छ। यसको कारण यो चित्र फ्रेन्च सरकारको सम्पत्ति हुनु हो। सन् १९६२ मा यसलाई १०० मिलियन डलरको बीमा गरिएको थियो। त्यसकै आधारमा अहिले यो चित्रको मूल्य अनुमान गर्ने गरिएको छ। यसको नक्कल गरिएका चित्रहरू भने विक्री गर्न पाइन्छ।

*१०. फेसन ट्रेन्ड सेटरको रूपमा मोनालिसा*

लेखिका डायान हेल्सको पुस्तक 'मोना लिसा : अ लाइफ डिस्कभर्ड' का अनुसार मोनालिसाको चित्र पछि धेरै महिलाहरूले फेसन गर्न थालेका थिए। त्यसमा मोनालिसाको सुन्दरता नक्कल गर्न महिलाहरूले पहेँलो पाउडर लगाउन थालेका थिए। यससँगै उनको मुस्कान पनि नक्कल गर्न थालेका थिए। यसरी मोनालिसा फेसन ट्रेन्डको आइकन पनि बनेको छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

**एम्बुलेन्स**

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

**प्रहरी कार्यालय**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

**अस्पतालहरू**

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

**महत्वपूर्ण कार्यालयहरू**

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केबुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# यी ७ व्यक्तित्व, जसको जीवनशैली स्वयं एक पाठशाला बन्यो

संसारमा यस्ता थुप्रै मानिसहरू छन्, जसको मुख्य प्रतिभा र क्षमता (पेशा भनौं) अर्कै हुन्छ । तर उनीहरूले त्यससँगसँगै आफ्नो जीवनशैली, आचरण र सोचबाट समेत लाखौं मानिसहरूलाई प्रभावित पारेका हुन्छन् । ती उनीहरूको सफलताका पछाडि लुकेका केही विशेष गुणहरू हुन् ।जो सबैसँग हुँदैन ।

यहाँ त्यस्तै आफ्नो पेशाभन्दा बाहिरी गुणका कारणले लाखौंको मन जितेका ७ व्यक्तिहरूबारे चर्चा गरिएको छ ।



*१. क्रिस्टियानो रोनाल्डो*

क्रिस्टियानो रोनाल्डो फुटबलको दुनियाँमा एउटा ठूलो नाम हो । उनी आफ्नो असाधारण खेल कौशल, गोल गर्ने क्षमता र अनगिन्ती उपाधिका लागि परिचित छन् । त्यससँगै अनुशासन, अथक परिश्रम र मानसिकताका कारण पनि उनी विश्वभर चिनिन्छन् ।

४० वर्षको उमेरमा पनि उनले आफ्नो फिटनेस र खेलको स्तर युवावयमा झैं कायम राख्नुको मुख्य कारण नै उनको कडा आत्म-अनुशासन हो । रोनाल्डोले आफ्नो खानपान, सुत्ने समय र दैनिक व्यायाममा कहिल्यै सम्झौता गर्दैनन् । उनी हरेक दिन घण्टौं जिममा बिताउँछन् । र आफ्नो शरीरलाई एक मेसिनजस्तै दुरुस्त राख्छन् ।

उनको यही समर्पण र परिश्रमको चाहनाले गर्दा फुटबलमा रुचि नभएका मानिसहरू पनि उनको जीवनशैलीबाट प्रभावित छन् । उनी आफू जतिसुकै सफल भए पनि निरन्तर सिक्ने र सुधार भइरहनुपर्छ भन्ने मान्यता राख्छन् । जसले उनलाई खेलकुदको संसारमा एक प्रेरणादायी व्यक्तित्व बनाएको छ ।

*२. अरिजित सिंह*

अरिजित सिंहलाई अहिले भारतका सबैभन्दा लोकप्रिय र सफल गायकको रूपमा लिइन्छ । उनको जादुमयी आवाज र बेजोड प्रस्तुतिले सबैलाई मोहित बनाउँछ । तर, उनी आफ्ना गीतका लागि मात्रै नभएर सरलता, विनम्रता र कोमलता स्वभावका कारण पनि लाखौं मानिसको प्रिय बनेका छन् । उनी कुनै ठूलो सुपरस्टारको जस्तो व्यवहार गर्दैनन् । विलासी जीवनशैली अपनाउँदैनन् ।

सादा जीवनशैली, नम्र बोली र अरूप्रति सम्मान गर्ने उनको स्वभाव छ । यसले गर्दा मानिसहरूलाई उनी आफ्नै परिवारका सदस्य जस्ता लाग्छन् । उनी प्रायः सार्वजनिक कार्यक्रममा पनि सामान्य पोशाकमा देखिन्छन् । र आफ्ना प्रशंसकहरूसँग सहज रूपमा घुलमिल गरिरहेका हुन्छन् ।

गायनले त उनी सफल भए नै, त्यसबाहेक सफलताको शिखरमा पुगेर पनि आफ्नो अस्तित्व नबिर्सने उनको यो गुणले पनि उनलाई एक महान् गायक बनाएको छ ।

*३. किनु रिभ्स*

हलिउड अभिनेता किनु रिभ्सलाई 'म्याट्रिक्स', 'जोन विक' जस्ता सफल फिल्महरूले विश्वभर चिनायो । तर उनको अभिनयभन्दा बढी उनको मानवीय स्वभाव, दयालु मन र निस्वार्थताका कारण उनलाई धेरैले सम्मान गर्छन् ।

उनी आफ्नो पैसा विलासी जीवनमा खर्च गर्नुको सट्टा परोपकारी काममा लगाउँछन् । र, प्रायः आफ्नो फिल्मको टिमलाई बोनस दिने गर्छन् । सार्वजनिक यातायातमा यात्रा गर्ने, आम मानिससँग खुलेर कुरा गर्ने र अप्ठ्यारोमा परेकालाई सहयोग गर्ने उनको बानीले गर्दा उनी अरू हलिउड कलाकारभन्दा फरक छन् ।

आफ्नो दुःखद् व्यक्तिगत जीवनका बाबजुद (जस्तैः प्रेमिकाको निधन र बहिनीको रोग) पनि उनी सधैं अरूको भलाइका लागि सोचिरहन्छन् । लागिरहन्छन् । सकारात्मक ऊर्जा फैलाइरहन्छन् । उनको यो नम्रता र उदारताले गर्दा धेरैले उनलाई वास्तविक जीवनको नायक मान्छन् ।

*४. एलन मस्क*

एलन मस्क पेशाले एक दूरदर्शी उद्यमी, इन्जिनियर र आविष्कारक हुन् । उनी टेस्ला (विद्युतीय सवारी साधन), स्पेसएक्स (अन्तरिक्ष खोज) र न्यूरालिंक (न्यूरोटेक्नोलोजी) जस्ता क्रान्तिकारी र विश्वप्रसिद्ध कम्पनीका मालिक हुन् ।

तर मानिसहरू उनलाई केवल एक सफल व्यापारीको रूपमा मात्र चिन्दैनन् । ठूलो सपना देख्ने, जोखिम उठाउने क्षमता भएको र त्यसलाई पूरा गर्न निरन्तर लागिरहने स्वभावका लागि पनि चिन्छन् । उनी आममान्छे भन्दा फरक तरिकाले सोच्छन्, जुन सामान्य व्यक्तिले कल्पना पनि गर्न सक्दैन । जस्तोः उनी मानव जातिलाई मंगल ग्रहमा पुर्‍याउन लागि परेका छन् । मानव चेतनालाई प्रविधिसँग जोड्न लागि परेका छन् । र, उनी दिवास्वप्न मात्र देखिरहेका छैनन्, तिनलाई पूरा गर्न रातोदिन काम पनि गरिरहेका छन् ।

त्यसबाहेक उनी परम्परागत सोचलाई चुनौती दिन्छन् । असम्भव लाग्ने लक्ष्यहरूलाई पनि सम्भव बनाउन लाग्छन् । कहिल्यै हार मान्दैनन् । उद्यमभन्दा उनका यी गुण युवा पुस्ता माझ प्रसिद्ध र प्रेरणादायी छ ।

*५. महात्मा गान्धी*

महात्मा गान्धी भारतका एक महान् नेता र स्वतन्त्रता सेनानी हुन् । उनलाई राजनीतिज्ञ, नेता भनौं । उनले बेलायती उपनिवेशवादबाट भारतलाई स्वतन्त्रता दिलाउन अहिंसात्मक आन्दोलनको नेतृत्व गरेका थिए ।

उनी यी विशेषणसँगै अहिंसा, सत्याग्रह र सामाजिक न्यायका लागि प्रसिद्ध छन् । सादा जीवनशैली, उच्च विचार, आत्म-अनुशासन र सत्यप्रतिको अटल निष्ठाका लागि उनलाई विश्वभरका धेरै मानिसहरूले मान्ने गरेका छन् ।

शारीरिक बलको सट्टा नैतिक बल र शान्तिपूर्ण प्रतिरोधले पनि ठूला शक्तिहरूलाई झुकाउन सकिन्छ भन्ने कुरा उनले देखाइदिए । उनको दर्शनले मार्टिन लुथर किङ जुनियर र नेल्सन मन्डेलाजस्ता विश्वका अन्य महान् नेताहरूलाई पनि प्रेरणा दियो । यसरी उनी राजनीतिक नेता मात्र नभएर मानवता, शान्ति र न्यायका लागि पनि चिनिन्छन् ।

*६. बिल गेट्स*

बिल गेट्स माइक्रोसफ्ट कम्पनीका सह-संस्थापक हुन् । पीसी कम्प्युटरलाई आजको स्थानमा ल्याउन उनको ठूलो भूमिका छ । पेशाले उनी एक उद्यमी र सफ्टवेयर डिजाइनर हुन् । तर त्यससँगै उनी परोपकारी कामहरूका लागि पनि चिनिन्छन् ।

गेट्सले माइक्रोसफ्टलाई विश्वको सबैभन्दा ठूलो सफ्टवेयर कम्पनी बनाएर प्रविधिमा आम मानिसको पहुँच स्थापित गरे । उनको त्यो दूरदृष्टि, समस्या समाधान गर्ने क्षमता र निरन्तर सिक्ने इच्छाले मानिसहरूलाई प्रभावित पारेको छ ।

हालका वर्षहरूमा उनले आफ्नो परोपकारी संस्था 'बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेसन' मार्फत विश्वव्यापी रूपमा स्वास्थ्य, गरिबी निवारण र शिक्षामा ठूलो योगदान गरिरहेका छन् । हालै उनले आफ्नो सारासम्पत्ति मानव कल्याणमा खर्चने पनि बताएका थिए । यसरी उनको उद्यमशीलतासँगै कल्याणकारी स्वभाव धेरैका लागि प्रेरणा बनेको छ ।

*७. लियोनल मेस्सी*

लियोनल मेस्सी विश्व फुटबलका एक महान् खेलाडी हुन् । उनी क्रिस्टियानो रोनाल्डो समान आफ्नो असाधारण खेल कौशल, गोल गर्ने क्षमता र अनगिन्ती उपाधिका लागि चिनिन्छन् ।

तर मेस्सीलाई उनको विनम्रता, शान्त स्वभाव र समूहप्रतिको समर्पणका लागि पनि धेरैले प्रशंसा गर्छन् । उनी मैदानमा जतिसुकै उत्कृष्ट प्रदर्शन गरे पनि, गोल गरे पनि वा उपाधि जितेपछि पनि कहिल्यै अनावश्यक घमण्ड देखाउँदैनन् ।

उनको स्वभाव सधैं शान्त र संयमित रहन्छ । मेस्सी आफ्नो व्यक्तिगत सफलताभन्दा टिमको सफलतालाई बढी महत्त्व दिन्छन् । टिमका साथीहरूसँग मिलेर खेल्न रुचाउँछन् । उनको यो नम्रता र टिमप्रतिको निष्ठाले गर्दा फुटबलका प्रशंसकहरू मात्र नभई अन्य मानिसहरू पनि उनको व्यक्तित्वबाट प्रभावित छन् ।

# नेटफ्लिक्सको ग्लोबल १० बाट बाहिरियो कपिल शर्माको 'शो'

नयाँ दिल्ली । भारतीय कमेडियन कपिल शर्माको कमेडी शो 'द कपिल शर्मा शो' ले वर्षौंसम्म टिभीको टीआरपीमा एकछत्र राज गरेको थियो । गएको वर्ष कपिलले 'द ग्रेट इन्डियन कपिल शो' मार्फत ओटीटीमा डेब्यू गरे ।

कपिलको सिग्नेचर कमेडी शोले नेटफ्लिक्सका दर्शकबाट राम्रो प्रतिक्रिया पाउने अपेक्षा गरिएको थियो । तर तेस्रो सिजन आउँदासम्म यस शोका दर्शक सङ्ख्या घटेका छन् । तेस्रो सिजनमा 'द ग्रेट इन्डियन कपिल शो' का ५ एपिसोडहरू आएका छन् ।

शोका पहिलो तीन एपिसोडहरू नेटफ्लिक्सको विश्वव्यापी शीर्ष १० गैर-अंग्रेजी कार्यक्रमहरूमा समावेश थिए । तर अन्तिम दुई



एपिसोडहरू यस सूचीबाट बाहिरिएका छन् । सिजन ३ को प्रिमियर एपिसोडमा सलमान खान अतिथिको रूपमा आएका थिए । यो एपिसोडले १६ लाख भ्यूज पाएको थियो भने यसलाई १९ लाख घण्टा हेरिएको थियो ।

दोस्रो एपिसोडमा 'मेट्रो इन दिनों' का कलाकारहरू आएका थिए । पहिलो दुई हप्तामा यो एपिसोडले कुल २० लाख भ्यूज पायो । तत्र यसमा पहिलो र दोस्रो एपिसोड दुवैको संयुक्त भ्यूज समावेश भएको थिए । नेटफ्लिक्सले दोस्रो एपिसोडको लागि एकल डेटा साझा गरेको छैन ।

***क्रिकेटरहरूले पनि तान्न सकेनन् भ्यूज***

तेस्रो हप्तामा शोमा क्रिकेटर गौतम गम्भीर, युजवेन्द्र चहल र ऋषभ पन्त आए । यो एपिसोडको भ्यूज झनै घट्यो । तीनै एपिसोडको संयुक्त भ्यूज १२ लाखमा झरेको नेटफ्लिक्सले भनेको छ । यो कमी जारी रहिरह्यो । अन्तिम दुई एपिसोडहरू अब प्लेटफर्मको विश्वव्यापी चार्टबाट पूर्ण रूपमा गायब भएका छन् । दर्शकहरूको सङ्ख्यामा गिरावट आए पनि, 'द ग्रेट इन्डियन कपिल शो' अझै पनि नेटफ्लिक्स भारतको सबैभन्दा लोकप्रिय कार्यक्रममध्ये एक हो ।

विश्वव्यापी चार्टहरूमा घट्दो सङ्ख्यालाई ध्यानमा राख्दै, मेकरहरू र नेटफ्लिक्सले पुराना दर्शकलाई शोमा तान्न रणनीति परिवर्तन गर्न सक्ने ठानिएको छ । शोको आउँदो एपिसोडमा कन्टेन्ट क्रिएटर राज शमानी, सौरभ द्विवेदी, कामिया जानी र समदिश भाटिया आउँदैछन् ।

# आफ्नो फिल्म किन हेर्दिनन् काजोल ?



नयाँ दिल्ली । काजोल बलिउडकी सबैभन्दा लोकप्रिय अभिनेत्रीहरू मध्ये एक हुन् । आफ्नो करियरमा उनले अहिलेसम्म धेरै उत्कृष्ट ब्लकबस्टर फिल्महरू दिएकी छिन् । हालै काजोलको पौराणिक हरर फिल्म 'मा' रिलिज भएको थियो। यस फिल्ममा काजोलको अभिनयको निकै प्रशंसा भयो ।

तर अभिनेत्रीले कहिले पनि आफ्ना फिल्महरू हेर्दिनन् । के तपाईंलाई यो कुरा थाहा छ ? एक अन्तर्वार्ताको क्रममा काजोलले यसको कारण बताएकी थिइन् । आईएएनएससँगको विशेष कुराकानीमा, काजोललाई 'उनी आफ्ना फिल्महरू हेर्छिन् कि हेर्दैनन्' भनेर सोधिएको थियो । यसको जवाफमा अभिनेत्रीले आफूले आफ्ना फिल्महरू नहेर्ने जवाफ दिएकी थिइन् । 'अहँ, म हेर्दिन, म खत्तम छु, म फिल्म हेर्दिन, बिल्कुलै हेर्दिन । म धेरै पढ्छु, त्यसैले म फिल्महरू धेरै नै कम हेर्छु' काजोलले भनिन् ।

कुराकानीका क्रममा काजोललाई आफ्ना कुन फिल्महरू फेरि थिएटरहरूमा हेर्न चाहन्छिन्  भनेर सोधिएको थियो । यसको जवाफमा उनले 'डीडीएलजे रिलिज भइसकेको छ, र म फेरि थिएटरहरूमा कुछ कुछ होता है हेर्न चाहन्छ ।' भनिन् । यो सूचीमा नाम थप्दै उनले 'शायद प्यार तो होना ही था'को पनि नाम लिएकी थिइन् । कामको कुरा गर्ने हो भने काजोल छिटै सरजमीनमा देखिदैंछिन् । यस फिल्ममा उनले पृथ्वीराजकुमारन र इब्राहिम अली खानसँग स्क्रिन सेयर गर्दैछिन् । यो फिल्म जुलाई २५ मा ओटीटी प्लेटफर्म नेटफ्लिक्समा रिलिज हुँदैछ । काजोलले अभिनेत्रीबाट लेखिका बनेकी ट्विंकल खन्नासँग 'टू मच विथ काजोल एन्ड ट्विंकल' नामक टक शोमा पनि काम गरेकी छिन् ।

# आवश्यकताअनुसार संविधान संशोधन हुन्छ : सभापति देउवा

दैनिक समाचारदाता

काठमाडौँ, ९ साउन । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले आवश्यकताअनुसार संविधान संशोधन गरिने बताउनुभएको छ ।



आज यहाँस्थित सहिद स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष स्वर्गीय ढुण्डीराज शास्त्रीको स्वर्गारोहणको ४५औँ दिनको स्मृतिमा आयोजित सङ्घीय लोकतान्त्रिक गणतन्त्र र वर्तमान संविधान विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै उहाँले संविधान बहुलवादमा आधारित रहेकाले बदलिँदो समयको मागअनुसार संशोधन गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालको संविधान बहुलवादमा आधारित छ । संविधान संशोधनका विषयमा अहिले सबै क्षेत्रबाट आवाज उठिरहेका छन् । राष्ट्रियसभाको सभापति र उपसभापतिलाई राख्नुपर्छ भन्ने धारणा छ । त्यसैले आवश्यकताअनुसार संविधान संशोधन हुन्छ ।"

सभापति देउवाले देशमा चुनावका बेला नेपाल कम्युनिष्ट पार्टीजस्ता दलहरू फरक देखिए पनि व्यवहार र तहमा सबै प्रजातान्त्रिक शक्तिहरूले सहकार्य गर्दै आएको जानकारी गराउनुभयो ।

सहिद स्मृति प्रतिष्ठानका संस्थापक अध्यक्ष स्वर्गीय शास्त्रीको कांग्रेस पार्टी देश र नागरिकका लागि निकै उल्लेख्य योगदान भएको भन्दै सभापति देउवाले उहाँको प्रशंसासमेत गर्नुभयो ।

त्यसैगरी कार्यक्रममा राष्ट्रियसभा संसदीय दलका नेता तथा पूर्वउपप्रधानमन्त्री कृष्णप्रसाद सिटौला, पूर्वउपसभापति विमलेन्द्र निधि तथा कांग्रेस नेता अर्जुननरसिंह केसीले अध्यक्ष स्व शास्त्रीले गर्नुभएका योगदानहरूको स्मरण गर्नुहुँदै उहाँको खुलेरै प्रशंसा गर्नुभएको थियो ।

शास्त्रीले जीवनभर कांग्रेसको सुदृढीकरण, लोकतान्त्रिक आन्दोलन तथा सामाजिक रुपान्तरणमा पुर्याएको योगदान उल्लेखनीय रहेको उहाँहरूको भनाइ थियो ।

# राजनीतिमै सक्रिय भइ मुलुक र नागरिकको सेवामा समर्पित हुनेछु: पूर्वराष्ट्रपति भण्डारी

दैनिक समाचारदाता

काठमाडौँ, ९ साउन । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो मातृपार्टी नेपाल कम्युनिष्ट पार्टी (एमाले) रही मुलुक र नागरिकको सेवामा समर्पित हुने बताउनुभएको छ ।

आज यहाँ पत्रकार भेटघाटमा पूर्वराष्ट्रपति भण्डारीले आफूले जननेता मदन भण्डारीबाट एमालेको सदस्यता प्राप्त गरी शपथ लिएको उल्लेख गर्दै पार्टीको निर्णयबमोजिम राष्ट्रपतिबाट जिम्मेवारी पूरा गरी पुनः एमालेमा मै फर्किएको बताउनुभयो ।

"म राजनीति गरेरै राष्ट्रपति पदमा निर्वाचित भएकी हुँ र बाँकी जीवन पनि राजनीतिमा समर्पित गर्नेछु", उहाँले भन्नुभयो, "मलाई कुनै पदप्रति लालसा, महत्वाकाङ्क्षा र आशक्ति छैन, मैले राष्ट्रकै सर्वोच्च पदमा पुगेर इतिहासमा आफ्नो नाम लेखिसकेकी छु ।"

पूर्वराष्ट्रपति भण्डारीले आफूलाई पार्टी सदस्य हुनबाट वञ्चित गर्नुपर्ने कुनै कारण नभएको समेत बताउनुभयो । एमालेको हालै सम्पन्न नवौँ केन्द्रीय कमिटी बैठकले पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिमा फर्कन नमिल्ने भन्दै पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय गरेको थियो ।



पूर्वराष्ट्रपति भण्डारीले मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) प्रति एमालेका नेता, कार्यकर्ता र जनसङ्गठनमा आबद्ध सबैको गहिरो आस्था, विश्वास र निष्ठाले नै आज पार्टीले सफलता हासिल गरेको बताउनुभयो ।

"पार्टीलाई वैचारिक रूपले थप सशक्त, साङ्गठनिक ढङ्गले अझ एकताबद्ध र सुदृढ बनाउनुपर्ने दायित्व हाम्रै हो । जननेता मदन भण्डारीको विचारलाई कार्यान्वयन गरेर मुलुकलाई समुन्नत बनाउन सकिन्छ", उहाँले भन्नुभयो ।


# अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

## वरिष्ठ चिकित्सकहरु




**दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :977041 591077

**नैना होस्पिटल प्रा.लि.**

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035


# जसपा सप्तरीको अधिवेशन साउन १४ गतेदेखि हुने

दैनिक समाचारदाता

सप्तरी, ९ साउन । जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीको जिल्ला अधिवेशन यही साउन १४ देखि १६ गतेसम्म हुने पार्टीले जनाएको छ । जसपा नेपाल जिल्ला कार्यकारिणी समिति सप्तरीको राजविराजमा बिहीबार सम्पन्न बैठकले जिल्ला अधिवेशनको मिति तय गरेको हो ।




विगतमा जसपा नेपालको आन्तरिक विवादका कारण पटकपटक जिल्ला अधिवेशनको मिति सर्दै आएको थियो । जिल्ला अध्यक्ष केदारप्रसाद यादवको अध्यक्षतामा बसेको बैठकले आगामी साउन १४,१५ र १६ गते राजविराजस्थित साइकृष्णा मेडिकल कलेजको प्राङ्गणमा गर्ने निर्णय गरिएको अधिवेशन प्रचारप्रसार समितिका संयोजक निलेशकुमार झाले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

बैठकले अधिवेशन तयारीका लागि मुल व्यवस्थापन समिति, आर्थिक समिति, प्रचारप्रसार समितिलगायतका विभिन्न तयारी समिति गठन गरेको अधिवेशन प्रचारप्रसार समितिका संयोजक झाले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

# सामुदायिक परिवार कल्याण संघ (CFWA)

जनकपुर, धनुषा

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०४/१० गते

सामुदायिक परिवार कल्याण संघ (CFWA) धनुषा वि.स. २०५३ मा विधिवत रुपमा दर्ता भएको गैर सरकारी तथा गैर मुनाफा रहीत संस्था हो । प्लान इन्टरनेशनल नेपालको साँझेदारीमा सामुदायिक परिवार कल्याण संघ (CFWA) द्वारा संचालित शसक्त बालिका परियोजना (Girls Standing Strong) अन्तर्गत प्रत्याभुत बालबालिकाहरुलाई शैक्षिक सामाग्री स्वरुप स्कुल ब्याग वितरण गर्नको लागि ७९७० थान ब्याग खरिदको लागि शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

| क्र.सं. | विवरण | आवश्यक संख्या | विशिष्टता | कैफियत |
|---|---|---|---|---|
| १. | स्कूल ब्याग | ७,९७० थान | १. Bag Fabric कपडा<br>२. तीन तह (हन्ना) भएको<br>३. लम्बाई १६ inch चौडाई १२ Inch र मोटाई ५Inch भएको<br>४. दुबै साइडमा बोतल जाली भएको<br>५. भित्र चारै तिर स्तर भएको<br>६. ब्यागमा चैन ८ नम्बर<br>७. ब्यागको फित्ता १ Inch चौडा भएको | |

- ईच्छुक योग्य आपुर्तिकर्ताहरूले ईमेल/फोनमा अनुरोध गरी आवश्यक थप जानकारी लिन सक्नु हुनेछ साथै शिलबन्दी बोलपत्रको आर्थिक तथा प्राविधिक प्रस्तावना तथा अन्य फारमहरु संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ ।
- शिलबन्दी बोलपत्र पेश गर्दा आपुर्तिकर्ताको आवश्यक कानुनी कागजातहरू फर्म दर्ता प्रमाण पत्र नविकरण सहित (कम्पनी दर्ताको हकमा अध्यावधिक सहित), प्यान/भ्याट दर्ता प्रमाण पत्र र आ.ब.२०८०/८१ को कर चुक्ताको प्रमाणपत्रको साथमा सम्बन्धितकार्य अनुभवको प्रमाणपत्र छ भने सो समेत पेश गर्नुपर्ने छ ।
- शिलबन्दी बोलपत्र पेश गर्दा कम्तीमा ३ ठाउँमा लाहाछाप लगाई, शिलबन्दी गरी खाम बाहिर अनिवार्य बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर लेख्नुपर्नेछ र फर्मको छाप अनिवार्य रुपमा खाममा लगाएको हुनु पर्नेछ । अन्यथा बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
- शिलबन्दी बोलपत्र पेश गर्ने अवधि २१ दिनको हुने छ र मिति २०८२/४/३० गते दिनको ५ बजे भित्र Hard copy दर्ता गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र पत्र पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा त्यसको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा हुनेछ । रित नपुगेको र म्याद नाघि आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
- शिलबन्दी बोलपत्र खोल्ने मिति २०८२/५/०१. गते दिउसो १:०० बजे दिउँसो संस्थाका प्रतिनिधीहरू र बोलपत्रदाता स्वयम् वा निजको आधिकारीक प्रतिनिधीले १ थान ब्यागको नमूना सहित भौतिक उपस्थितीमा यस संस्थाको कार्यालयमा बोलपत्र खोलिनेछ । तोकिएको दिनमा बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थित भएमा पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
- शिलबन्दी बोलपत्रसंग पेस गर्नका लागि माग गरिएको अभिलेख तथा कागजातहरु नभएमा बोलपत्र स्वतः रद्द हुनेछ ।
- शिलबन्दी बोलपत्र कारण खुलाई वा नखुलाई पुरै अथवा आंशिक स्विकृत गर्ने वा पुरै रद्ध गर्ने अधिकार सामुदायिक परिवार कल्याण संघको खरिद समितिमा निहित रहनेछ ।
- प्रस्तावित कर योग्य रकमको २.५ प्रतिशत रकम बराबरको बैंक भौचर बोलपत्र संगै उपलब्ध गराउनु पर्नेछ ।
- शिलबन्दी बोलपत्र सम्बन्धमा केही जानकारी आवश्यक परेमा तल उल्लेखीत फोन नं वा ईमेलमा सम्पर्क गर्न सक्नुहुनेछ ।

दरभाउ पेश गर्ने ठेगाना:

**सामुदायिक परिवार कल्याण संघ,**

जनकपुरधाम-१२, (रा.रा.ब. क्याम्पसको पुर्व) धनुषा

फोन नं. ०४१-४२५१०३ र ९७४८३७१६३७.

Email: cfwadhanusha@gmail.com

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४